# जीविकोपार्जनको लागि वन कार्यक्रम र साझेदारी वन व्यवस्थापन

■ ठाकुर प्रसाद पाण्डे

जीविकोपार्जनको लागि वन कार्यक्रमले ग्रामीण समुदायमा बसोवास गर्ने गरिब एवं विपन्न परिवारमा केन्द्रित रहने गरी उनीहरुको जीवनमा आउन सक्ने जोखीमपूर्ण अवस्थामा उनीहरुलाई त्यस्ता अवस्थासँग जुध्न सक्ने बनाउँन र उनीहरुको जीविकोपार्जनमा सुधार ल्याउन सहयोग पुऱ्याउने लक्ष्य राखेको छ । यस कार्यक्रमले वन सम्पदाको दिगो तथा न्यायोचित उपयोग गर्ने कुरालाई बढवा दिंदै ग्रामीण समुदायको स्रोत र साधन अभिबृद्धि गर्न सहयोग पुऱ्याएर उक्त लक्ष्य प्राप्त गर्ने उद्देश्य लिएको देखिन्छ । यसले नेपालका १५ वटा जिल्लामा कार्यक्रम सञ्चालन गर्दै आएको छ भने त्यसमा हाल तराईका तीन जिल्लाहरु नवलपरासी, रुपन्देही र कपिलवस्तु पर्दछन् ।

जीविकोपार्जनको लागि वन कार्यक्रमले लक्षित समुदाय वर्ग भित्रका अत्यन्त कमजोर आर्थिक अवस्था भएका ग्रामीण समुदायका घाँस काट्ने महिला, केटाकेटी, गोलपोल्ने दलित जातिको जीविकोपार्जनमा सुधार ल्याउने उद्देश्य राखेको भनी जानकारी दिइन्छ । तर ती तल्लो वर्गलाई यस कार्यक्रमले कस्तो प्रभाव परेको छ भनी प्रश्न गर्दा "हाम्रो अनुहारको फोटो खिचेर र नाम बेचेर समाजका, केही टाठाबाठालाई रोजगारी मिलेको छ । तर हाम्रो अवस्था पूर्खादेखि हालसम्म पनि उही धरातलमा जीउनु परेको छ" भनी उत्तर दिन्छन् ।

यसै क्रममा यस जीविकोपार्जनको लागि वन कार्यक्रम लागू भएका तराईका जिल्लाहरुमा वन व्यवस्थापनको नयाँ कार्यक्रम चर्चित रहेको छ । सा्दायिक वन (सा.व.) को प्रभावकारिताको पर्याप्त विश्लेषण नगरिकन त्यसको विकल्पको रुपमा सरकारी क्षेत्रबाट तराई क्षेत्रमा छुट्टै खालको वन व्यवस्थापनको नमुना (Model) प्रस्तुत गरिदैछ जसलाई साझेदारी वन व्यवस्थापन नाम दिइएको छ । हुन त नेपालमा बेलाबखतमा वन व्यवस्थापन सम्बन्धी योजनाहरु जस्तैः वन व्यवस्थापन कार्ययोजना नआएका होइनन् तर तिनीहरु प्राविधिक तवरले उत्तम भनिएता पनि सामाजिक तथा आर्थिक पक्षहरुलाई समेट्न नसक्दा असक्षम देखिए । नेपालमा सा.व. को सफलतालाई दिन प्रतिदिन एक पछि अर्को गर्दै तराईमा सा.व. लाई असफल देखाउने षडयन्त्र स्वरुप साझेदारी वन कार्यक्रम ल्याइएको हो भन्ने लाग्दछ । यसै प्रसङ्गमा साझेदारी वन व्यवस्थापन प्रणालीको वकालत गर्नेहरुबाट उठाइएका प्रमूख तीन वटा प्रश्न वा समस्या जसको कारणबाट साझेदारी वनको अवधारणा ल्याइएको हो भनेर तर्क दिएको छ यहाँ त्यसलाई विवेचना गर्नु वान्छनीय देखिन्छ ।

**१. समूहको स्वविवेकमा व्यवस्थापन हुने वनहरुमा राष्ट्रिय उद्देश्य र राष्ट्रिय आवश्यकता कसरी गाँस्ने ?**

नेपालको राष्ट्रिय उद्देश्य भनेको प्राकृतिक स्रोत संरक्षण, दिगो वन व्यवस्थापन, आधारभूत आवश्यकताको पूर्ति, आर्थिक उन्नति, आदि कुरा पर्दछन् । यी उद्देश्य पूरा गर्न सा.व. ले सहयोग गरेको छ वा छैन् सो को मूल्याङ्कन गर्ने बेला भएको छ । सा.व. ले आफ्नो बलबुतामा र कसैको उल्लेख्य सहयोग बिना पनि नमुनाको रुपमा वन व्यवस्थापन गरेका उदाहरणहरु छन् भने त्यो राष्ट्रिय उद्देश्य र आवश्यकता हो वा होइन ? यसरी उपभोक्ता समूहबाट उत्सुकता पूर्वक तरिकाबाट गरिएको कामलाई हतोत्साहित गर्ने मनस्थितिबाट ल्याएको कार्यक्रम जस्तो देखिन्छ ।

### २. वन रहित सहरी समुदायहरुको वन पैदावरको राष्ट्रिय आवश्यकता कसरी पूरा गर्ने ?

जब नेपालमा सा.व. हस्तान्तरण को प्रक्रिया आयो त्यो भन्दा अगाडि वन क्षेत्रभन्दा टाढा रहेका मानिसको आवश्यकताको विषयमा सरकारी दृष्टिकोण के थियो ? सा.व. नीति लागू भएपछि पनि तराईका सबै वन उपभोक्ता समूहलाई दिइएको छैन । राष्ट्रिय वनको रुपमा सरकारले नै व्यवस्थापन गर्ने भनी धेरै जसो भू-भाग आफ्नो नियन्त्रणमा नै राखेको छ भने सो भागबाट टाढाका उपभोक्ताको आवश्यकता किन पूरा नगरेको ? हाल सरकारी वनको अवस्था र सा.व. को अवस्थामा तुलनात्मक ढङ्गले हेर्दा कुन राम्रो छ ? डढेलो, चोरी तस्करी, व्यवस्थापन, आदि पक्षलाई हेर्दा पनि सा.व. मा प्रभावकारी सुधार भएको देखिन्छ । सरकारी संरक्षणमा रहेको जिल्ला वन पैदावर आपूर्ति समितिले सो समस्याको सामधान किन गर्दैन ? टिम्बर कर्पोरेसनसँग हालसम्म मौजुदा रहेको काठको अवस्था खस्कँदो छ, सो काठ ती टाढाका उपभोक्तालाई दिन वा आपूर्ति गर्न किन सरकार मौन छ ? यी माथिका प्रश्न साझेदारी वनका हिमायती वा साझेदारी वन सञ्चालन गर्ने विदेशी रकममा ऐस गर्ने प्रति लक्षित देखिन्छ । अर्को तर्फ केही वन समूहले आफूलाई दाउरा, घाँस, काठ पुगेपछि नजिकका समूहहरुलाई सहुलियत दरमा बिक्री वितरण गरेका छन् भने तराईमा यो कुरा लागू गर्न किन सकिदैन ?

### ३. राष्ट्रिय सम्पदाबाट राजस्व नचाहिने ?

प्रथमतः राजस्व के का लागि र कसका लागि भन्ने प्रश्न अगाडि आउँछ ? हालसम्म सरकारी वनबाट कति राजस्व उठ्यो र वन विकास, सामाजिक विकास, आय आर्जन, सीप विकास, गरिबी निवारणमा कति खर्च गरियो ? सो को विवरण पारदर्शी ढङ्गले आम नागरिक समक्ष प्रष्ट हुनुपर्‍यो । सरकारी, स्थानीय निकाय, स्थानीय विकास, आदि कार्यालयले गरेको विकास भन्दा सा.व. उपभोक्ता समूहहरुले गुणस्तरिय, पारदर्शि तरिकाबाट ठूला-ठूला योजना पनि सम्पन्न गरेका छन् । सरकारी राजस्व आउँदा कति ठाउँबाट चुहावट हुँदै आउँथ्यो सो नभई सोझै जनताबाट प्रत्यक्ष रुपमा सम्पन्न गरेका कामका सकारात्मक प्रभावहरु सा.व. मा छन् । यसरी सरकारी राजस्व हालसम्म सही सदुपयोग नभएको, पारदर्शिताको अभाव, सरकारद्वारा निर्माण गरिएका विकासमा जनसहभागिताको अभाव, आदि कारणबाट सा.व. उपभोक्ता समितिले गर्दै आएका विकास निर्माणका कार्यहरु सरकारले गरेको भन्दा धेरै गुणा गुणस्तरिय भएको देख्न सकिन्छ ।

### निश्कर्ष

विगत वर्षमा वन संरक्षण, व्यवस्थापन र सुदपयोगमा सरकारी गलत नीतिको कारणबाट नेपालले ठूला वन र प्राकृतिक स्रोतको विनाश भएको देख्नु परेको छ । आज पनि हिजो जस्तै किसानले एउटा बलो जङ्गलबाट ल्याउँदा बिचरा सोझो किसानले ठूला-ठूला मुद्दा झेल्नु पर्ने र रेन्जर तथा अधिकृतलाई घरबारी बेचेर घुस खुवाउनु पर्ने प्रमाण हाम्रो सामु छ । अहिले ल्याउन लागेको साझेदारी वन व्यवस्थापन जनतालाई झुक्याएर लडाउने खालको सरकारी षडयन्त्र हो । जनताको सहभागिता र नियन्त्रण बिनाका कुनै पनि विकासका कामहरुको प्रभावकारिता नगन्य हुने कुरा सर्वव्यापी भैरहेको अवस्थामा घुमाइ फिराइ वन व्यवस्थापनको संपूर्ण नियन्त्रण सरकारका भ्रष्ट कर्मचारीहरुमा रहने गरी ल्याइएको नयाँ मोडेलको कुनै तुक छैन ।

(लेखक नवलपरासी जिल्लाको सुन्दरी सा.व. उपभोक्ता समूहका अध्यक्ष हुनुहुन्छ ।)